सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक


♦ वर्ष ९ ♦ अंक ३५३ ♦ २०८३ साल भदौ २९ सोमवार ♦ 14 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com



**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९




तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।


## विवादको बीच जनकपुरधाममा गुठीका अतिक्रमित पोखरी खाली गर्न थप १५ दिनको समय

**खबर दर्पण समाचारदाता**

**भदौ २८ गते, बर्दिवास**

गुठीका पोखरी तथा पोखरीका डिलमा निर्माण गरिएका अतिक्रमित संरचना हटाउन सम्बन्धित व्यक्ति तथा संस्थालाई थप १५ दिनको समय दिइएको छ ।

गुठीको जग्गा संरक्षण तथा व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदलका विभिन्न प्रतिवेदनले औँल्याएका अतिक्रमित पोखरीलाई चरणबद्ध रूपमा अतिक्रमणमुक्त गर्ने अभियानअन्तर्गत थप समय दिइएको हो ।




यसअघि भदौ १९ गते सार्वजनिक सूचना जारी गर्दै सम्बन्धित व्यक्ति तथा संस्थालाई सात दिनभित्र अनधिकृत संरचना आफैँ हटाउन आग्रह गरिएको थियो । सोहीअनुसार भदौ २७ गतेदेखि संरचना हटाउने तयारी गरिएको थियो । तर, अनुगमनका क्रममा कतिपय सम्बन्धित व्यक्तिले संरचना आफैँ हटाउन सुरु गरेको र थप समय माग गरेपछि कार्यान्वयन समितिले १५ दिनको अतिरिक्त समय दिएको हो ।

गुठी संस्थानका प्रवक्ता जनक पोखरेलका अनुसार रेखाङ्कन तथा नक्साङ्कनका आधारमा पोखरी र पोखरीका डिलमा रहेका संरचनाको अनुगमन गर्दा कतिपय संरचना आधा भागसम्म हटाउनुपर्ने अवस्था देखिएको थियो । तत्काल डोजर लगाएर हटाउँदा थप क्षति हुनसक्ने भएकाले सम्बन्धित व्यक्तिलाई आफैँ संरचना हटाउन समय दिइएको उनले बताए ।

थप समय दिइएका पोखरीमा देवान पोखरी (चन्द्रकूप), मध्यमा सर, रुक्मिणी सर, विडाल सर (विराही), गोन्ही पोखरी, ठाडी पोखरी, लवकी पोखरी (रजौल), कपालमोचनी सर, पुरन्दर सर, लवकी पोखरी (जीरो माइलभन्दा उत्तरपूर्व), लक्ष्मण सर (बलराम सर), पापमोचनी सर, अग्निकुण्ड, सीताकुण्ड र विहारकुण्ड रहेका छन् ।

तोकिएको थप अवधिभित्र पनि अतिक्रमित संरचना पूर्णरूपमा नहटाए कार्यान्वयन समितिले आफैँ संरचना हटाउने जनाएको छ । गुठी संस्थानले यसअघि पनि नक्साङ्कनका आधारमा केही अतिक्रमित संरचना हटाइसकेको जनाएको छ ।

## खैरमारा तिरतिरे झरनामा डुबेर विद्यार्थीको मृत्यु



**खबर दर्पण समाचारदाता**

**भदौ २८ गते, बर्दिवास**

महोत्तरीको बर्दिबास नगरपालिका-११ खयरमारास्थित तिरतिरे झरनामा डुबेर एक विद्यार्थीको मृत्यु भएको छ ।

इलाका प्रहरी कार्यालय बर्दिबासका अनुसार शनिबार अपराह्न करिब ४:३० बजे चुरेको उत्तरी भेगमा रहेको झरनामा डुबेर सिरहाको धनगढीमाई नगरपालिका-२ का १९ वर्षीय गणेश भण्डारीको मृत्यु भएको हो ।

निर्मल लामा बहुप्राविधिक शिक्षालयमा अध्ययनरत भण्डारी सहपाठीहरूसँग घुम्न तिरतिरे झरना पुगेका बेला डुबेका थिए । झरनामा नुहाउने क्रममा डुबेका भण्डारीलाई उद्धारको प्रयास गरिए पनि बचाउन नसकिएको प्रहरीले जनाएको छ ।

घटनाको जानकारी पाएपछि इलाका प्रहरी कार्यालय बर्दिबासबाट प्रहरी टोली घटनास्थलमा पुगेको थियो । प्रहरीले आवश्यक कानुनी प्रक्रिया पूरा गरी शव परीक्षण लगायतका प्रक्रिया अघि बढाएको जनाएको छ ।

घटनाबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय बर्दिबासले जनाएको छ । तिरतिरे झरना बर्दिबास बजारदेखि करिब २५ किलोमिटर उत्तरमा पर्छ ।

वर्षायाममा चुरे क्षेत्रका झरना तथा खोलामा पानीको बहाव बढ्ने भएकाले जोखिम हुने गरेको छ । पछिल्लो समय तिरतिरे झरना आन्तरिक पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको भए पनि त्यहाँ सुरक्षा सावधानी र जोखिम न्यूनीकरणका पर्याप्त उपाय आवश्यक देखिएका छन् ।

## महोत्तरीबाट रसुवा विपदमा सम्पर्कविहीनका परिवारसँग प्रशासनको भेट

**खबर दर्पण समाचारदाता**

**भदौ २८ गते, वर्दिवास**

महोत्तरीबाट रसुवामा गत भदौ १० गते आएको विनाशकारी बाढीपहिरोमा परी सम्पर्कविहीन रहेका व्यक्तिका परिवारलाई भेटेर जिल्ला प्रशासन कार्यालय महोत्तरीले उनीहरूको अवस्था र समस्याबारे जानकारी लिन थालेको छ।

जिल्ला सुरक्षा समितिको टोलीले रसुवा विपद्मा परी हालसम्म सम्पर्कविहीन रहेका महोत्तरीका नौ जनामध्ये चार जनाका परिवारसँग स्थलगत भेटघाट गरी परिवारको अवस्था, उनीहरूले भोगिरहेका समस्या तथा आवश्यक सहयोगबारे जानकारी लिएको हो।

सुरक्षा समितिको टोलीले पिपरा-३ का विकास यादव, जलेश्वर-१० का सुशीललाल दास, मटिहानी-७ का गंगाराम मण्डल र जलेश्वर-७ का हसान अन्सारीका परिवारसँग भेट गरेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।



भेटका क्रममा प्रशासनले विपद्मा सम्पर्कविहीन व्यक्तिको खोजी, उद्धार तथा पहिचानका लागि राज्यका सम्बन्धित निकायबाट भइरहेका प्रयासबारे परिवारका सदस्यलाई जानकारी गराएको थियो। साथै, परिवारले तत्काल भोगिरहेका समस्या र राज्यका तर्फबाट आवश्यक सहयोग तथा समन्वयका विषयमा समेत छलफल गरिएको थियो।

आफन्त लामो समयसम्म सम्पर्कमा नआउँदा परिवारमा बढ्दै गएको चिन्ता र अन्योललाई ध्यानमा राख्दै प्रशासनले खोजी तथा उद्धारको अवस्थाबारे नियमित जानकारी गराउने प्रतिबद्धता जनाएको छ।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले विपद्मा आफन्त सम्पर्कविहीन हुँदा परिवारले भोगिरहेको पीडा अत्यन्तै संवेदनशील विषय भएकाले प्रशासन गम्भीर रहेको बताउनुभयो।

"विपद्मा आफन्त गुमाउने वा लामो समयसम्म सम्पर्कविहीन हुँदा परिवारले भोग्नुपरेको पीडा अत्यन्तै संवेदनशील विषय हो। प्रशासन परिवारको दुःख र अवस्थाप्रति गम्भीर छ," उहाँले भन्नुभयो, "राज्यका तर्फबाट भइरहेको खोजी तथा उद्धार प्रयासबारे परिवारलाई जानकारी गराउँदै आवश्यक समन्वय र सहयोग निरन्तर गरिनेछ।"

रसुवाको विपद्मा परी सम्पर्कविहीन भएका महोत्तरीका अन्य व्यक्तिका परिवारसँग पनि स्थलगत भेटघाट गरी उनीहरूको अवस्था बुझ्ने र आवश्यक समन्वय गर्ने तयारी प्रशासनले गरेको छ।

विपद्को लामो समय बितिसक्दा पनि आफन्तको अवस्थाबारे यकिन जानकारी नपाउँदा परिवारहरू मानसिक तनाव र अन्योलमा छन्। यस्तो अवस्थामा सरकारी निकायबाट भइरहेको खोजी, उद्धार र पहिचानको प्रगतिबारे परिवारलाई नियमित जानकारी गराउने कार्यलाई प्रशासनले प्राथमिकतामा राखेको जनाएको छ।

# दरबन्दी रोकिँदा स्वास्थ्य सेवा प्रभावित हुने जोखिम :मधेशका स्वास्थ्य संस्थामा कार्यरत ७७४ अस्थायी स्वास्थ्यकर्मी अन्योलमा

खबर दर्पण समाचारदाता

भदौ २८ गते, बर्दिवास

मधेश प्रदेशका स्वास्थ्य संस्थामा जनशक्ति अभाव पूर्ति गर्दै आएका सयौं चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारी नयाँ आर्थिक वर्षको अस्थायी दरबन्दी स्वीकृत नहुँदा कामविहीन हुने अवस्थामा पुगेका छन् । प्रदेश सरकारले गत आर्थिक वर्षमा अस्थायी दरबन्दीमा कार्यरत जनशक्तिलाई नयाँ दरबन्दी स्वीकृत नभएसम्म कामकाजमा नखटाउन तथा हाजिर नगराउन निर्देशन दिएपछि स्वास्थ्य सेवा प्रभावित हुने जोखिम बढेको हो ।

गत असार मसान्तसम्म प्रदेशका विभिन्न स्वास्थ्य संस्थामा ७७४ जना चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारी अस्थायी दरबन्दीमा कार्यरत थिए । तीमध्ये ४३२ जना विभिन्न अस्पतालमा र ३४२ जना प्रदेश स्वास्थ्य निर्देशनालय, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, जनस्वास्थ्य प्रयोगशाला, स्वास्थ्य तालिम केन्द्र, प्रादेशिक अस्पताल तथा स्वास्थ्य कार्यालयलगायतका निकायमा कार्यरत रहेको प्रदेश स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको विवरणमा उल्लेख छ ।

यीमध्ये केही स्थायी नियुक्ति भएर पदस्थापन भइसकेका छन् भने केही अन्यत्र काममा गएका कारण करिब १५० अस्थायी पद रिक्त रहेको मन्त्रालयले जनाएको छ । बाँकी जनशक्तिको कामकाज भने नयाँ अस्थायी दरबन्दी स्वीकृत नभएसम्म अन्योलमा परेको छ ।

मन्त्रालयका वरिष्ठ उपसचिव तथा सूचना अधिकारी राजेशकुमार मिश्रका अनुसार भदौ २४ गतेको मन्त्रिस्तरीय निर्णयअनुसार प्रदेश मातहतका स्वास्थ्य निकायलाई गत आर्थिक वर्षको अस्थायी दर बन्दीमा कार्यरत जनशक्तिलाई चालु आर्थिक वर्ष २०८३/८४ को अस्थायी दरबन्दी स्वीकृत नभएसम्म कामकाजमा नखटाउन तथा हाजिर नगराउन निर्देशन दिइएको हो ।

मन्त्रालयका अधिकृत वच्चेलाल साह तेलीले हस्ताक्षर गर्नुभएको पत्र प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य तालिम केन्द्र, प्रादेशिक अस्पताल, स्वास्थ्य कार्यालय तथा प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमा पठाइएको छ ।

पत्रमा अस्थायी दरबन्दी स्वीकृत नभएसम्म त्यस्ता कर्मचारीलाई कार्यालयमा हाजिर गराएमा त्यसबाट उत्पन्न हुने सम्पूर्ण जिम्मेवारी सम्बन्धित निकायका प्रमुखले लिनुपर्ने उल्लेख छ । मन्त्रालयको यस्तो निर्देशनले भने स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति व्यवस्थापनको चुनौती थपिएको छ ।

## सेवा सञ्चालनमै असर पर्ने चिन्ता

मधेश प्रदेशका सरकारी स्वास्थ्य संस्थाको सेवा प्रवाहमा अस्थायी जनशक्तिको भूमिका महत्वपूर्ण रहँदै आएको छ । विशेषगरी चिकित्सक, नर्स, प्रयोगशाला, फार्मेसी तथा अन्य प्राविधिक जनशक्ति आवश्यक पर्ने अस्पतालमा अस्थायी दरबन्दीबाट जनशक्ति व्यवस्थापन हुँदै आएको छ ।




नयाँ दरबन्दी स्वीकृतिमा ढिलाइ हुँदा पहिले नै सीमित जनशक्तिबाट सञ्चालन भइरहेका स्वास्थ्य संस्थामा थप भार पर्ने देखिन्छ । एउटै स्वास्थ्यकर्मीले धेरै जिम्मेवारी सम्हाल्नुपर्ने, सेवा लिन आउने बिरामीले लामो समय कुर्नुपर्ने तथा कतिपय सेवा नियमित सञ्चालन गर्न कठिन हुने जोखिम रहेको स्वास्थ्य क्षेत्रका अधिकारीहरू बताउँछन् ।

अस्थायी दरबन्दीमा कार्यरत जनशक्तिलाई तत्काल काममा लगाउन नसक्ने अवस्था सिर्जना भए त्यसको असर अस्पतालको नियमित सेवा, आकस्मिक सेवा, प्रयोगशाला तथा अन्य प्राविधिक सेवामा पर्न सक्ने देखिन्छ ।

मन्त्रालयका सूचना अधिकारी मिश्रले भने आवश्यकताका आधार मा नयाँ अस्थायी दरबन्दी स्वीकृतिको प्रक्रिया अघि बढाउने तयारी भइरहेको बताउनुभयो ।

"सम्बन्धित स्वास्थ्य संस्थाबाट जनशक्तिको विवरण र आवश्यकताका आधारमा अस्थायी दरबन्दी स्वीकृतिको प्रक्रिया अघि बढाइनेछ," उहाँले भन्नुभयो ।

## हरेक वर्ष उस्तै समस्या

प्रदेशका स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति व्यवस्थापन गर्न प्रत्येक आर्थिक वर्ष अस्थायी दरबन्दी स्वीकृत गर्नुपर्ने अवस्था छ । तर आर्थिक वर्ष सुरु भएको लामो समयसम्म दरबन्दी स्वीकृत नहुँदा हरेक वर्ष स्वास्थ्यकर्मीको कामको निरन्तरता र स्वास्थ्य संस्थाको सेवा सञ्चालनमा अन्योल देखिने गरेको छ ।

चालु आर्थिक वर्षको दुई महिना बित्न लाग्दासमेत अस्थायी दर बन्दी स्वीकृत वा अस्वीकृतसम्बन्धी निर्णय हुन नसक्नुले समस्या थपिएको हो ।

दरबन्दी स्वीकृतिको प्रक्रिया प्रशासनिक विषय भए पनि यसको प्रत्यक्ष प्रभाव भने नागरिकको स्वास्थ्य सेवासँग जोडिन्छ । अस्पतालमा चिकित्सक वा नर्स उपलब्ध नहुनु, प्रयोगशालामा जनशक्ति कम हुनु वा फार्मेसी तथा अन्य सेवामा कर्मचारी अभाव हुनु अन्ततः सेवाग्राहीकै समस्यासँग जोडिने स्वास्थ्य क्षेत्रका जानकारहरू बताउँछन् ।

प्रदेश सरकारले एकातिर अस्थायी दरबन्दीमा अनावश्यक जनशक्ति नराख्ने र आवश्यकताका आधारमा मात्र दरबन्दी स्वीकृत गर्ने नीति लिनुपर्ने देखिन्छ भने अर्कोतिर सेवा सञ्चालनमा अत्यावश्यक जनशक्ति रोकिँदा नागरिकले पाउने स्वास्थ्य सेवामा असर नपर्ने गरी निर्णय गर्नुपर्ने चुनौती छ ।

## करिब १५० पद रिक्त

मन्त्रालयका अनुसार गत आर्थिक वर्षमा स्वीकृत अस्थायी दर बन्दीमध्ये केही कर्मचारी स्थायी नियुक्ति भएर पदस्थापन भइसकेका छन् । केही कर्मचारी अन्यत्र गएका कारण करिब १५० स्थान रि क्त छन् ।

यसले प्रदेश सरकारले नयाँ दरबन्दी निर्धारण गर्दा विगतको सङ्ख्यालाई मात्र आधार नबनाई कुन स्वास्थ्य संस्थामा कति जनशक्ति आवश्यक छ भन्ने विषयमा पुनरावलोकन गर्नुपर्ने देखाएको छ ।

स्वास्थ्य संस्थाको सेवा भार, बिरामीको चाप, भौगोलिक अवस्था, उपलब्ध स्थायी जनशक्ति र रिक्त पदको अवस्थाका आधारमा अस्थायी दरबन्दी निर्धारण गर्नुपर्ने स्वास्थ्य क्षेत्रका अधिकारीहरूको सुझाव छ ।

अस्थायी दरबन्दीलाई हरेक वर्षको बजेट तथा प्रशासनिक प्रक्रियासँग मात्र जोडेर हेर्दा स्वास्थ्य सेवाको निरन्तरता प्रभावित हुन सक्ने भएकाले दीर्घकालीन जनशक्ति व्यवस्थापनको योजना आवश्यक देखिन्छ ।

प्रदेश सरकारले अस्थायी दरबन्दीको प्रक्रिया छिटो टुङ्ग्याएर आवश्यक जनशक्तिलाई काममा फर्काउने वातावरण बनाउन सकेमा मात्र स्वास्थ्य संस्थामा देखिन सक्ने जनशक्ति अभाव टार्न सकिनेछ । अन्यथा दरबन्दी स्वीकृतिको प्रशासनिक ढिलाइको प्रत्यक्ष भार नागरिकले स्वास्थ्य सेवा लिँदा व्यहोर्नुपर्ने अवस्था आउन सक्ने देखिन्छ ।

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मटिहानीमा सीप विकास तालिम लिएका उद्यमीलाई करेसाबारी प्रविधि हस्तान्तरण



धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
**भदौ २८ गते, महोत्तरी**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमअन्तर्गत सीप विकास तालिम लिएका मटिहानी नगरपालिकाका उद्यमी समूहका सदस्यलाई करेसाबारीमा प्रयोग हुने विभिन्न प्रविधि तथा कृषि सामग्री हस्तान्तरण गरिएको छ।

मटिहानी नगरपालिकाले उद्यमीलाई सीपलाई व्यवहारमा प्रयोग गरी आयआर्जन तथा स्वरोजगारतर्फ अग्रसर गराउने उद्देश्यले सामग्री हस्तान्तरण गरेको हो। नगर प्रमुख हरि प्रसाद मण्डलले एक कार्यक्रमबीच उद्यमी समूहका १५ सदस्यलाई स्प्रे, कोदालो, गार्डेन पाइप, खुर्पी, हजारी तथा उन्नत जातका विभिन्न तरकारीका बीउलगायत सामग्री हस्तान्तरण गर्नुभयो।

सामग्री हस्तान्तरण गर्दै नगर प्रमुख मण्डलले तालिमबाट प्राप्त सीपलाई व्यवहारमा उतारी आयआर्जनको माध्यम बनाउनुपर्नेमा जोड दिनुभयो। स्थानीय स्रोत, साधन र सीपको सदुपयोग गरी आत्मनिर्भर बन्न यस्ता कार्यक्रमले सहयोग पुऱ्याउने उहाँले बताउनुभयो।

उद्यम विकास सहजकर्ता कुन्दनकुमार मण्डलले सीप विकास तालिम प्राप्त उद्यमीलाई उत्पादनमूलक कार्यमा संलग्न गराउने उद्देश्यले आवश्यक प्रविधि तथा सामग्री उपलब्ध गराइएको बताउनुभयो। सामग्री तथा उन्नत जातका बीउ उपलब्ध भएपछि सहभागीले करेसाबारीलाई व्यवस्थित र उत्पादनमुखी बनाउन सहयोग पुग्ने उहाँको भनाइ छ।

नगरपालिकाले गरिबी न्यूनीकरण, रोजगारी सिर्जना तथा स्थानीयस्तरमा उद्यमशीलता प्रवर्द्धन गर्ने उद्देश्यले लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ।

कार्यक्रममा मटिहानी-६ का वडाध्यक्ष कलीम अंसारी, वडा सदस्य ऐरुन खातुन, कृषि शाखा प्रमुख टंकप्रसाद उपाध्यायलगायतको उपस्थिति थियो।



# बाढी विस्थापित परिवारलाई मासिक १५ हजारसम्म सहायता दिने सरकारको निर्णय

खबर दर्पण समाचारदाता
**भदौ २८ गते, बर्दिवास**

गत १० भदौमा आएको विनाशकारी भोटेकोशी बाढीबाट विस्थापित परिवारलाई सरकारले आवास तथा आवश्यक खर्च व्यवस्थापनका लागि आर्थिक सहायता उपलब्ध गराउने भएको छ।

मन्त्रिपरिषद्को गत बिहीबार बसेको बैठकले स्थायी आवास निर्माण नभएसम्म बाढी प्रभावित परिवारलाई घरभाडा तथा अन्य आवश्यक खर्च व्यवस्थापनका लागि रकम उपलब्ध गराउने निर्णय गरेको सञ्चारमन्त्री विक्रम तिमिल्सिनाले जानकारी दिए।

निर्णयअनुसार चार सदस्यसम्मको परिवारलाई मासिक १५ हजार रुपैयाँ उपलब्ध गराइनेछ। चार जनाभन्दा बढी सदस्य भएको परिवारका लागि थप प्रत्येक सदस्यबापत मासिक २ हजार रुपैयाँ अतिरिक्त रकम दिने व्यवस्था गरिएको छ।

सरकारको यो सुविधा लिन नचाहने परिवारका लागि भने स्थायी आवास निर्माण नहुन्जेलसम्म अस्थायी आवासको व्यवस्था गर्ने विकल्पसमेत दिइएको मन्त्री तिमिल्सिनाले बताए।

आर्थिक सहायता उपलब्ध गराउन आवश्यक विवरण संकलनका लागि सम्बन्धित स्थानीय तहमा फारम पठाइसकिएको सरकारले जनाएको छ।

प्रभावित परिवारको संख्या र आवश्यकताका आधारमा सहायता वितरण प्रक्रिया अघि बढाइनेछ। सरकारले बाढीबाट भएको प्रारम्भिक क्षति तथा नोक्सानीको मूल्याङ्कन सम्पन्न गरिसकेको जनाएको छ। अहिले विस्तृत आवश्यकता मूल्याङ्कनको काम भइरहेको र त्यसका आधारमा आवश्यक स्रोत सुनिश्चित गरी पुनर्निर्माण तथा पुनर्स्थापनाको काम अघि बढाइने मन्त्री तिमिल्सिनाले बताए।

# सर्लाहीमा स्यालले टोकेर ६ जना मानिस र २५ पशुचौपाया घाइते

खबर दर्पण समाचारदाता
**भदौ २८ गते, बर्दिवास**

सर्लाहीको हरिवन नगरपालिका-८ का विभिन्न बस्तीमा स्यालको आक्रमणबाट छ जना मानिस र करिब २५ वटा पशुचौपाया घाइते भएका छन्।

हरिवन-८ का चापिनी, आपडाँडा, स्कुलटोल र जिम्दार चोकमा एउटै स्यालले आक्रमण गर्दा छ जना घाइते भएको हरिवन नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ।

स्यालको टोकाइबाट ३० वर्षीया अर्पना कोइराला, ३४ वर्षीया विमला तामाङ, २१ वर्षीय प्रशान्त उप्रेती, ६५ वर्षीय तिलबहादुर मगर, ७१ वर्षीय मनबहादुर थामी र ६६ वर्षीय देवराम मगर घाइते भएका छन्। घाइतेहरूको नगर अस्पताल सासापुर, नमुना अस्पताल हरिवन तथा हरिवन बजारका विभिन्न निजी स्वास्थ्य संस्थामा उपचार भइरहेको स्वास्थ्य शाखा संयोजक रामबाबु चौधरीले जानकारी दिए। केही घाइतेले हेटौँडा, वीरगन्ज र काठमाडौं पुगेर आवश्यक उपचार तथा रेबिजविरुद्धको खोपसमेत लगाएका छन्।

स्यालको आक्रमणबाट एकैपटक धेरै मानिस घाइते भएपछि हरिवन नगरपालिकाले छिमेकी लालबन्दी नगरपालिकासँग समन्वय गरी नगर अस्पताल सासापुरमा रेबिजविरुद्धको खोपको व्यवस्था गरेको छ।

स्वास्थ्य शाखा संयोजक चौधरीका अनुसार नगर अस्पतालमा तत्काल रेबिजविरुद्धको खोपको अभाव भएपछि घटनालगत्तै लालबन्दीबाट खोप सापटी ल्याएर अस्पतालमा राखिएको हो।

उता, नगरपालिकाको पशु स्वास्थ्य शाखाका पशु चिकित्सक डा. महेश श्रेष्ठका अनुसार स्यालको टोकाइबाट करिब २५ वटा भैंसी र बाख्रा घाइते भएका छन्।

डा. श्रेष्ठका अनुसार आइतबार बिहान आक्रमण प्रभावित क्षेत्रमा पुग्दा अधिकांश किसानले निजी भेटेरिनरीका पशु प्राविधिकमार्फत घाइते पशुचौपायालाई रेबिजविरुद्धको खोप लगाइसकेका थिए। थप खोप आवश्यक परे पशु स्वास्थ्य शाखाबाट उपलब्ध गराउने व्यवस्था गरिएको उनले बताए।

स्यालको आक्रमणबाट मानिस तथा पशुचौपाया घाइते भएपछि स्वास्थ्यकर्मी र पशु प्राविधिकलाई परिचालन गरिएको हरिवन नगरपालिकाका प्रमुख रमेश बुढाथोकी (कमल)ले जानकारी दिए।



# मिथिलामा तीज र चौरचन आज एकै दिन मनाइदै

**खबर दर्पण समाचारदाता**
**भदौ २८ गते, बर्दिवास**

हिन्दु धर्मावलम्बीका दुई महत्वपूर्ण पर्व तीज र मिथिलाको परम्परागत चौरचन (चौठी चाँन) पर्व यस वर्ष सोमबार एकै दिन मनाइँदै छन्। भाद्र शुक्ल तृतीयाका दिन मनाइने तीज र चतुर्थी तिथिमा चन्द्रदर्शन गरी मनाइने चौरचन तिथिको घटबढका कारण यस वर्ष एकै दिन परेको हो।

तीजका व्रतालु महिलाले आइतबार राति दर खाएर सोमबार बिहानदेखि निराहार व्रत सुरु गरेका छन्। दिनभर तृतीया तिथि रहे पनि साँझ चतुर्थी तिथि लाग्ने र सोही समयमा चन्द्रमा उदय हुने भएकाले सोमबार नै चौरचन पर्वसमेत मनाउन लागिएको मैथिल कर्मकाण्डका ज्ञाता क्षीरेश्वरनाथ नगरपालिका-५ का पण्डित लालबाबु झाले बताउनुभयो।

"चौरचन पर्वमा चतुर्थी तिथिको चन्द्रदर्शन र आराधना गर्ने विधान छ। यस वर्ष चतुर्थी तिथिको चन्द्रोदय सोमबार साँझ हुने भएकाले तीज र चौरचन एकै दिन परेको हो," उहाँले भन्नुभयो।

मिथिलामा चौरचनलाई चन्द्रदोष निवारणसँग जोडेर मनाउने गरिन्छ। भाद्र शुक्ल चतुर्थीका दिन चन्द्रमा हेर्दा झुटो आरोप वा अपवाद लाग्ने धार्मिक विश्वास रहेकाले दिनभर निराहार व्रत बसेर साँझ चन्द्रमाको पूजा तथा दर्शन गर्ने परम्परा छ।

चौरचनका अवसरमा घरको आँगनलाई गाईको गोबरले लिपेर चामलको पिठोबाट अरिपन बनाइन्छ। अरिपनको बीचमा दीप प्रज्वलन गरी चन्द्रमाको पूजा गरिन्छ। व्रतालुले खिर, पुरी, दही, विभिन्न मिष्टान्न तथा केरा र मौसमअनुसारका फलफूल चन्द्रमालाई देखाएपछि परिवार तथा इष्टमित्रलाई प्रसादका रूपमा खुवाउने चलन छ।

मैथिली भाषा-साहित्यकार रामभरोस कापडीका अनुसार चौरचन मिथिलाको प्राचीन र महत्वपूर्ण पर्व हो। पछिल्लो समय यो पर्व मिथिलामा मात्र सीमित नरही मधेस प्रदेशका अन्य समुदायले समेत मनाउन थालेका छन्। चौरचनको व्रत महिला र पुरुष दुवैले गर्न सक्ने भए पनि मिथिलामा सामान्यतया घरमूली महिला व्रत बस्ने प्रचलन छ।

चौरचनसँग जोडिएको धार्मिक मान्यताअनुसार भाद्र शुक्ल चतुर्थीको चन्द्रदर्शन गरेपछि झुटो आरोपबाट बच्न सकिने,



मित्रता बढ्ने, चन्द्रमाको कृपाले अनुहारमा कान्ति आउने तथा जीवनमा शीतलता प्राप्त हुने विश्वास गरिन्छ।

चौरचन पर्वको उत्पत्तिसँग भगवान् श्रीकृष्णको कथासमेत जोडिएको छ। द्वापर युगमा राजा सत्राजितले प्राप्त गरेको श्यमन्तक मणि हराएपछि श्रीकृष्णमाथि चोरीको आरोप लागेको र त्यसबाट मुक्त हुन उहाँले चन्द्रव्रत गरेको धार्मिक ग्रन्थमा उल्लेख छ। पछि श्यमन्तक मणि जाम्बवानकी छोरीसँग भेटिएपछि श्रीकृष्णमाथिको आरोप हटेको प्रसङ्गसँगै चन्द्रदर्शनको परम्परा सुरु भएको विश्वास मिथिलामा रहँदै आएको छ।

यस वर्ष तीज र चौरचन एकै दिन परेकाले मिथिलाका घर-घरमा बिहानदेखि नै धार्मिक तथा सांस्कृतिक गतिविधि बढेका छन्। एकातिर महिलाहरू तीजको निराहार व्रतमा छन् भने अर्कोतर्फ चौरचनका लागि आवश्यक फलफूल, मिष्टान्न, माटाका भाँडा तथा पूजासामग्रीको तयारी गरिएको छ।

तीज नेपाली महिलाको प्रमुख पर्वका रूपमा मनाइँदै आएको भए पनि पछिल्लो समय मिथिलाका महिलामाझ समेत यसको प्रभाव बढ्दो छ। त्यसैगरी चौरचन पनि मधेसमा बसोबास गर्ने विभिन्न समुदायबीच विस्तार हुँदै गएको देखिन्छ।


## सार्वजनिक स्थलमा धुम्रपान नगरौं ।



## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

## रामगोपालपुर नगरपालिका, महोत्तरी



## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

## मटिहानी नगरपालिका, महोत्तरी



## सत्कर्म कृषि सहकारी संस्था लि.
बर्दिबास, महोत्तरी

### साधारण सभा सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस सत्कर्म कृषि सहकारी संस्था लि. को मिति २०८३ भाद्र १४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार यस संस्थाको नवौं वार्षिक साधारण सभा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा आयोजना गरिने भएको हुँदा यस संस्थाका सम्पूर्ण सेयर सदस्य महानुभावहरूलाई उक्त साधारण सभामा गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं।

**तपसिल**

मिति : २०८३/०६/२९ गते बिहीबार
समय : बिहान ११:०० बजे
स्थान : गौतम होटल, बर्दिबास

**साधारण सभामा छलफल तथा पारित गर्नुपर्ने विषयहरू :**

१. आ.व. २०८२/०८३ को वार्षिक लेखा परीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
२. आ.व. २०८२/०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुती, छलफल तथा पारित सम्बन्धमा।
३. आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम/बजेट प्रस्तुती, छलफल गरी पारित सम्बन्धमा।
४. आ.व. २०८२/०८३ को लेखा समितिको प्रतिवेदन प्रस्तुती, छलफल तथा पारित सम्बन्धमा।
५. आ.व. २०८३/०८४ का लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
६. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा।
७. विनियम तथा आन्तरिक कार्यविधि संशोधन सम्बन्धमा।
८. सञ्चालक समितिले पास गरेको बचत तथा ऋणको ब्याजदर अनुमोदन सम्बन्धमा।
९. ऋणको ब्याज तथा हर्जाना छुट सम्बन्धमा।
१०. संस्थाद्वारा सञ्चालित कृषि कार्यक्रम सम्बन्धमा।
११. सञ्चालक समितिले आ.व. २०८२/०८३ मा संस्था सञ्चालनका लागि गरेका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा।
१२. खराब कर्जा असुली योजना सम्बन्धमा।
१३. विविध।

**विशेष अनुरोध :**

साधारण सभाभन्दा अगाडि नै यस संस्थामा आफूले बुझाउन बाँकी मासिक बचत, ऋणको किस्ता र ब्याज समयमै भुक्तानी गरौं। सभ्य सेयर सदस्यको पहिचान बनाऔं।

**वेद बहादुर कार्की**
सचिव
सत्कर्म कृषि सहकारी संस्था लि.
बर्दिबास, महोत्तरी
सम्पर्क नं. : ०४४-५५०३८२, ९८१७८६१२६५



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्मेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,